नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०७७।७८ मिति २०७८।०२।११

## कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी चक्र पाणी पाण्डेबाट जारी संशोधित आदेश :-

कोभिड-१९ को नयाँ भेरियन्ट फैलिन नदिन तथा यस जिल्लामा संक्रमितको संख्यामा कमि नआएकोले संक्रमणको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन जिल्ला कोभिड व्यवस्थापन समिति र जिल्ला सुरक्षा समितिको मिति २०७८।०२।०९ गतेको बैठकबाट मिति २०७८।०२।१७ गते सोमबार राती १२: ०० बजे सम्म निषेधाज्ञा थप गर्न सिफारिस गर्ने निर्णय भए बमोजिम मिति २०७८।०२।०९ गते निषेधाज्ञा जारी भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८।०२।१० को निर्णयानुसार कोभिड -१९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा (५) बमोजिम प्रमुख जिल्ला अधिकारीलाई कोभिड- १९ को प्रतिकार्य अधिकारी मुकरर भएकोले सोही अध्यादेशको दफा (४) तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७८।०२।१७ गते सोमबार राती १२ : ०० बजे सम्मका लागि निम्नानुसारको आदेश जारी गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

### (क) गर्न नपाइने वा निषेध गरिएका सेवाहरु:

१. अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्तिहरु निषेधाज्ञा अवधिभर घरबाहिर निस्कन।
२. जिल्लाभित्र सबै प्रकारका निजी तथा सार्वजनिक यात्रुबाहक सवारीसाधन संचालन गर्न।
३. चिया पसल, खाजा घर, होटल, रेष्टुरेन्ट, पार्टी प्यालेस, पान पसल,फेन्सी /कपडा,भाँडा, सुन चाँदी पसल आदि संचालन गर्न।
४. कुनै पनि मेला, हाटबजार, महोत्सव, जात्रा संचालन गर्न, मानिसहरु भेला/जम्मा हुन, भिडभाड गर्न,सभा जुलुस गर्न।
५. परम्परागत रुपमा भई आएको नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु संचालन तथा जमघट गर्न।
६. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, ट्यूशन सेन्टर लगायतका जमघट हुने गतिविधिहरु संचालन गर्न।
७. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, पार्टी प्यालेस, मनोरञ्जन स्थल, स्वीमिङ्ग पुल, जिमखाना, समुहमा खेल्ने खेलकुद, कवर्डहल, पुस्तकालय, संग्रहालय आदि संचालन गर्न।
८. स्वास्थ्य, सुरक्षा, वन सुरक्षा, हुलाक, कुरियर, खानेपानी, विद्युत, टेलिकम, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापन, दमकल, जस्ता अत्यावश्यक बाहेकका अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने।
९. अन्तर्राष्ट्रिय स्थलगत सीमा नाका कृष्णनगर बाहेक अन्यत्रबाट यात्रु आवतजावत गर्न।

जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

(ख) संचालन गर्न पाउने सेवाहरुः

१. खाद्यवस्तु, ग्याँस, दुध र दुधजन्य पदार्थ, फलफुल, तरकारी, माछा/मासु बिक्री वितरण गर्ने पसलहरु र प्रकरण (क) मा उल्लेखित बाहेक पसल/व्यवसाय विहान ९:०० बजे देखि अपराहन्न १३:०० बजे सम्ममात्र खोल्न सकिने। तर उक्त समयमा पनि अनुमति नलिएका सवारी साधन तथा मोटरसाइकल चलाउन नपाईने हुँदा यदि कसैले उल्लङ्घन गरेमा संक्रामक रोग ऐन,२०२० तथा अन्य कानून बमोजिम कारवाही हुनेछ।

२. मालवाहक ढुवानीका साधनहरु, अण्डा तथा चल्ला बोकेका गाडीहरु, भन्सारबाट छुटेका सामग्री तथा मेसिनरी सामग्री बोकेका गाडीहरु, खानेपानी, ग्याँस, दुध, औषधी, स्वास्थ्य उपकरण, दुरसञ्चार, इन्टरनेट, आइसोलेसन, इन्धन, फोहोरमैला व्यवस्थापन तथा ढुवानीका साधन, दमकल, एम्बुलेन्स, शववाहन, बिरामी बोकेको सवारी साधन (पुष्टी हुने कागजात साथमा राख्नुपर्ने)।

३. स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेविका, भन्सार कार्यालय, राजस्व अनुसन्धान, सुरक्षा निकाय, वन सुरक्षा तथा गस्तिमा खटिने, अत्यावश्यक सेवा सञ्चालन गर्ने कार्यालय वा संस्था, बैंक तथा वित्तीय संस्थाहरुमा काम गर्न जाँदा आउँदा कर्मचारीहरुलाई सवारी पास आवश्यक नपर्ने तर आफ्नो संस्थाको परिचयपत्र साथमा देखिने गरी लिई हिड्नुपर्नेछ। यात्रा गर्दा समस्या परेमा नेपाल प्रहरीको १०० नम्वरमा फोन गर्ने।

४. कृष्णनगर नाकाबाट प्रवेश गर्ने यात्रुहरुलाई नेपाल प्रहरीले यातायात व्यवसायीसँग समन्वय गरी गाडी नम्बर र यात्रुको नाम तथा संख्या समेत उल्लेख गरी गन्तव्य सम्म पुर्याउने व्यवस्था मिलाउने।

५. अन्य जिल्लाबाट आइ राजमार्ग भएर अन्यत्र जाने सवारी साधनहरु। यस जिल्लाभित्र रोकिएर यात्रु ओराल्न वा चढाउन नपाउने।

६. अत्यावश्यक वस्तु वा सेवा मध्ये औषधी र पानी बिक्री वितरण गर्ने पसल/व्यवसाय संचालन गर्न।

७. सबै किसिमका उद्योग, प्रतिष्ठानहरु र विकास निर्माणका कार्य संचालन गर्न सकिने छ। आयोजना प्रमुखले विकास निर्माणमा संलग्न कामदार तथा साधनको विवरण उपलब्ध गराउनु पर्नेछ। काम गर्ने कर्मचारी/कामदारहरुलाई खाना/बस्नको लागि सम्बन्धित व्यवसायी वा उद्योग कलकारखानाले परिसरभित्र वा कार्यस्थलमा नै व्यवस्था गर्नु पर्नेछ र तोकिएबमोजिमको स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्नुपर्नेछ।

८. सरकारी कार्यालयहरुबाट प्रदान गरिने अत्यावश्यक सेवा न्यूनतम कर्मचारीहरुबाट आलोपालो गरी संचालन गर्ने।

९. विवाह/व्रतबन्ध वा अन्य संस्कारका लागि बढीमा १५ जना सम्म स्वास्थ्य मापदण्डको पालना गर्ने गरी नजिकको प्रहरी इकाईसँग समन्वय गरी आफ्नै निवासमा सम्पन्न गर्न सकिने। विवाहका लागि बढीमा २ वटा साना गाडी वा १ वटा ठूलो गाडीमा जम्मा १५ जना संख्या नबढ्ने गरी शुभ विवाहको ब्यानर राखी विवाहका लागि जाँन आउन सकिने।

१०. बैंक तथा वित्तीय संस्थाहरुले विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सो सम्भव नभएमा नेपाल राष्ट्र बैङ्कले तोकेको वा बैङ्कको केन्द्रिय निकायले तोकेको वा न्यूनतम कर्मचारीबाट सेवा प्रवाह गर्ने। ATM सेवा संचालन गर्दा सम्बन्धित बैंकले नियमित रुपमा Disinfect गर्नुपर्नेछ।

११. सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्ने सूचना विभागले जारी गरेको परिचयपत्रको आधार वा नेपाल पत्रकार महासंघ जिल्ला शाखाको सिफारिसमा जिल्ला प्रशासन कार्यालय बाट जारी भएको सवारी पासबाट आवतजावत गर्न दिने।

१२. जिल्ला प्रशासन कार्यालयबाट सामान्य अवस्थामा पास उपलब्ध हुनेछैन । सम्बन्धित पालिकाको सिफारिश सहित निवेदन दिएमा उद्देश्य र औचित्यका आधारमा समय तोकि जिल्ला प्रशासन कार्यालयबाट जिल्लाभित्रका लागि सवारी पास उपलब्ध हुनेछ । एअरपोर्ट जान आउनका लागि यात्रुले अनिवार्य रुपमा टिकट र परिचयपत्र देखाउनु पर्नेछ ।

१३. यस आदेशको उलङ्घन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधी-औषधीजन्य सामाग्री अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कारवाही हुनेछ ।सम्बन्धित उद्योग तथा वाणिज्य संघले आपूर्ति व्यवस्थालाई सहज बनाउने ।

१४. माथि उल्लेखित सेवाहरु संचालन गर्दा अनिवार्य रुपमा सामाजिक तथा भौतिक दुरी कायम गर्नुपर्नेछ । साथै अनिवार्य रुपमा नेपाल सरकार मन्त्रिपरिषद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नु/गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ । सोको पालना नभएमा उल्लिखित कानून बमोजिम कारवाही हुनेछ ।

१५. कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा २१ मा भएको व्यवस्था :-

२१. जरिवाना गर्न सक्ने

(१) यस अध्यादेश बमोजिम दिइएको आदेश उल्लङ्घन गरेमा प्रमुख जिल्ला अधिकारीले तत्काल देहायबमोजिम जरिवाना गर्न सक्नेछ ।

(क) कुनै व्यक्तिले उल्लङ्घन गरेकोमा १ लाख रुपैया सम्म,

(ख) कुनै संस्थाले उल्लङ्घन गरेकोमा ५लाख रुपैया सम्म,

(२) कसैले देहाय बमोजिमको कार्य गरे गराएमा सुरक्षाकर्मीले देहायबमोजिम तत्काल जरिबाना गर्नेछ :

(क) मास्क नलगाई सार्वजनिक स्थलमा आवतजावत गरेमा पटकैपिच्छे एक सय रुपैयाँ,

(ख) मानिसको आवतजावतमा रोक लगाइएको वा नियन्त्रण गरिएको अवस्थामा सोको उल्लङ्घन गर्नेलाई पटकैपिच्छे दुई सय रुपैयाँ,

(ग) सवारी साधनको आवतजावतमा रोक लगाएको अवस्थामा सम्बन्धित अधिकारीको अनुमतिबिना वा सुरक्षाकर्मीलाई सूचना नदिई वा बिरामी ओसार सपार गर्ने अवस्थामा बाहेक सवारी साधन चलाएमा पटकै पिच्छे दुई पाङ्ग्रे सवारी साधन भए दुई हजार रुपैयाँ र अन्य सवारी साधन भए पाँच हजार रुपैयाँ,

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको सवारी साधन सुरक्षाकर्मीले निश्चित समय सम्म नियन्त्रणमा लिनेछ ।

१६. यस निषेधाज्ञा पालनाको लागि कपिलवस्तुवासी, स्थानीय पालिकाहरु, राजनीतिक दलहरु तथा अन्य सम्बन्धित सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै जिल्लाका सबै सञ्चारमाध्यमहरुले प्रचारप्रसार गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी